तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा जिल्ला
५ नम्बर प्रदेश, नेपाल

पत्र संख्याः- मितिः- २०७४/०६/२९
चलानी नं.:-

## प्रेस विज्ञप्ति

भर्खरै यो वर्षको बडादशैं मनाएका हामी नेपालीहरुको घर आँगनमा अर्को महत्वपूर्ण पर्व तिहार (दीपावली २०७४) आएको छ । तिहारसंगसंगै नेपाल संवत ११३८ र छठ पर्व समेत आउँदैछ । आआफ्ना गच्छेअनुसार यी पर्व मनाएर असल संस्कार र संस्कृतिको संरक्षण गर्न हामी प्रतिवद्ध छौं ।

पर्वको बहानामा कृत्रिम अभाव सिर्जना गर्ने, खाद्य सामग्रीमा अखाद्य कुरा मिसावट गर्ने, मूल्य बृद्धि गर्ने जस्ता अवैध र अमानवीय काम कसैबाट नहोस् । नगरमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न स्थानीय प्रशासन, सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी लगायत सम्पूर्ण नगरवासीले सहयोग गरौं ।

तानसेन नगरपालिकाभित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्पदा र स्थलहरुमा व्यापारिक प्रयोजनका लागि बोर्ड राख्ने, भित्तामा व्यापारिक सन्देश लेख्ने, फ्लेक्सबोर्ड, व्यानर राख्ने वा टाँस्ने जस्ता काम कसैले नगरौं । आन्तरिक तथा बाह्य पर्यटक र पाहुनाहरुसंग मित्रवत व्यवहार गरौं । सडकमा यत्रतत्र फोहर नफालौं । कुहिने नकुहिने फोहर घरघरमै अलग गरेर मात्र नगरपालिकाको ट्रक वा ट्रेक्टरमा फाल्ने गरौं । आआफ्नो घर/निवास, कार्यालय सेरोफेरो र सडक सफा राख्नु प्रत्येक सचेत र सभ्य नागरिकको कर्तव्य ठानेर हाम्रो तानसेन राम्रो तानसेन  बनाउन सबैले सहयोग गरौं । नगरपालिकालाई तिर्नुपर्ने कर समयमै तिरौं, नगरको विकास निर्माणमा सक्दो टेवा पुऱ्याऔं।

अन्त्यमा, चाडपर्वमा क्षमताअनुसार खर्च गरौं, अनावश्यक ऋणमा नडुबौं । स्वदेशमै उत्पादित सामग्रीको प्रयोग गरौं । स्थानीय उद्योगलाई प्रोत्साहित गरौं । मादक पदार्थ, जुवातास जस्ता कुलत त्यागौं र त्याग्न सघाऔं । तिहार (दीपावली), नेपाल संवत ११३८ र छठ पर्वको शुभ अवसरमा निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, उद्यमीव्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मीहरु लगायत सम्पूर्ण तानसेनवासीमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही
प्रमुख एवम्
तानसेन नगर सरकार तथा तानसेन नगरपालिका परिवार, पाल्पा

## तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### तानसेन, पाल्पा जिल्ला
### ५ नम्बर प्रदेश, नेपाल

पत्र संख्याः-
चलानी नं.:-

मितिः- २०७४/०६/२९

## प्रेस विज्ञप्ति

भर्खरै यो वर्षको बडादशैं मनाएका हामी नेपालीहरुको घर आँगनमा अर्को महत्वपूर्ण पर्व तिहार (दीपावली २०७४) आएको छ । तिहारसंगसंगै नेपाल संवत ११३८ र छठ पर्व समेत आउँदैछ । आआफ्ना गच्छेअनुसार यी पर्व मनाएर असल संस्कार र संस्कृतिको संरक्षण गर्न हामी प्रतिवद्ध छौं ।

पर्वको बहानामा कृत्रिम अभाव सिर्जना गर्ने, खाद्य सामग्रीमा अखाद्य कुरा मिसावट गर्ने, मूल्य बृद्धि गर्ने जस्ता अवैध र अमानवीय काम कसैबाट नहोस् । नगरमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न स्थानीय प्रशासन, सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी लगायत सम्पूर्ण नगरवासीले सहयोग गरौं ।

तानसेन नगरपालिकाभित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्पदा र स्थलहरुमा व्यापारिक प्रयोजनका लागि बोर्ड राख्ने, भित्तामा व्यापारिक सन्देश लेख्ने, फ्लेक्सबोर्ड, व्यानर राख्ने वा टाँस्ने जस्ता काम कसैले नगरौं । आन्तरिक तथा बाह्य पर्यटक र पाहुनाहरुसंग मित्रवत व्यवहार गरौं । सडकमा यत्रतत्र फोहर नफालौं । कुहिने नकुहिने फोहर घरघरमै अलग गरेर मात्र नगरपालिकाको ट्रक वा ट्रेक्टरमा फाल्ने गरौं । आआफ्नो घर/निवास, कार्यालय सेरोफेरो र सडक सफा राख्नु प्रत्येक सचेत र सभ्य नागरिकको कर्तव्य ठानेर हाम्रो तानसेन राम्रो तानसेन बनाउन सबैले सहयोग गरौं । नगरपालिकालाई तिर्नुपर्ने कर समयमै तिरौं, नगरको विकास निर्माणमा सक्दो टेवा पुऱ्याऔं।

अन्त्यमा, चाडपर्वमा क्षमताअनुसार खर्च गरौं, अनावश्यक ऋणमा नडुबौं । स्वदेशमै उत्पादित सामग्रीको प्रयोग गरौं । स्थानीय उद्योगलाई प्रोत्साहित गरौं । मादक पदार्थ, जुवातास जस्ता कुलत त्यागौं र त्याग्न सघाऔं । तिहार (दीपावली), नेपाल संवत ११३८ र छठ पर्वको शुभ अवसरमा निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, उद्यमीव्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मीहरु लगायत सम्पूर्ण तानसेनवासीमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही
प्रमुख एवम्
तानसेन नगर सरकार तथा तानसेन नगरपालिका परिवार, पाल्पा